वनजङ्गल,
नदीनाला, पहाडपर्वत,
जडिबुटी, जीवजन्तु
र जैविक विविधताको
संरक्षण गरौं ।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला कानुन तथा सञ्चार मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

बुद्ध दर्पण
राष्ट्रिय दैनिक
The Buddha Darpan National Daily






### संस्थाको वित्तीय पुन:संरचना शुरु

# विद्युत् प्राधिकरणको

# ६० अर्ब रुपैयाँ बराबरको आइपीओ जारी हुँदै

काठमाडौ २८ पुस

सार्वजनिक संस्थानहरुमध्ये पछिल्ला दिनमा आर्थिक रुपमा सबल बन्दै गएको नेपाल विद्युत् प्राधिकरणले ६० अर्ब रुपैयाँ बराबरको आइपीओ बिक्री गर्ने भएको छ। प्राधिकरणले संस्थाको वित्तीय पुनःसंरचना गरी नेपाल विद्युत् प्राधिकरण ऐन, २०४१ बमोजिम संस्थाको सेयर सर्वसाधारणमा बिक्री गर्ने भएको हो।

सेयर बिक्रीका लागि अर्थ मन्त्रालयले सहमति प्रदान गरिसकेको छ। अर्थको सहमतिपछि ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले आवश्यक प्रस्ताव मन्त्रिपरिषद्मा पेस गर्ने तयारी गरेको छाप्राधिकरण सञ्चालक समितिको गत मङ्सिर २५ गते बसेको बैठकले आवश्यक निर्णय गरेको छ। सञ्चालक समितिले अर्थ मन्त्रालयबाट अधिकृत पूँजी ३ खर्ब रुपैयाँ कायम गर्न सहमति भएकाले ऊर्जा मन्त्रालयमार्फत मन्त्रिपरिषद्समक्ष स्वीकृतिका लागि अनुरोध गर्ने निर्णय गरेको छ।

धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ बमोजिम खुद सम्पत्ति (नेटवर्थ) को २ गुणासम्म प्रति सेयर मूल्य कायम गरी प्रिमियम मूल्यमा हाललाई प्रस्तावित अधिकृत पूँजीको १० प्रतिशतसम्म सर्वसाधारणलाई सेयर जारी गर्न ऊर्जा मन्त्रालयमार्फत मन्त्रिपरिषद्मा स्वीकृतिका लागि अनुरोध गर्ने निर्णय भएको छ। सो निर्णय यही पुस १९ गते प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले ऊर्जा मन्त्रालयमा पेस गरिसकेका छन्।

प्राधिकरण सञ्चालक समितिका अध्यक्षसमेत रहेका ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले पनि सार्वजनिक संस्थालाई थप सबल बनाउने उद्देश्यका साथ सेयर जारी गर्न लागिएको बताएका छन्। सरकारले संस्थालाई आम नागरिकको बनाउने उद्देश्यका साथ यस्तो तयारी गरेको स्पष्ट पारेको छ। यसअघि नै सरकारले नेपाल दूरसञ्चार कम्पनीको समेत सेयर सर्वसाधरणमा बिक्री गरेको थियो।प्राधिकरणको सेयरको प्रति कित्ता किताबी मूल्य करिब १ सय २५ कायम गर्ने र त्यसमा त्यति नै रकम प्रिमियम थप गरी सेयर निष्कासनको प्रस्ताव गरिएको छ। यस हिसाबले प्राधिकरणको सेयर किन्न चाहने सर्वसाधारणले प्रति कित्ता २ सय ५० रुपैयाँ खर्च गर्नुपर्नेछ।




प्राधिकरणको हाल अधिकृत पूँजी १ खर्ब २५ अर्ब रुपैयाँ बराबर छ। सरकारको लगानीको प्राथमिकता विभिन्न क्षेत्रमा रहने हुँदा ऊर्जा क्षेत्रमा गरेको बजेट विनियोजनले मात्र प्राधिकरणको हालको पूँजीगत लगानीका लागि आवश्यक स्रोत पर्याप्त नभएको ठहर गरिएको छ। त्यसका लागि प्राधिकरणले वैकल्पिक स्रोतमार्फत लगानी जुटाउनुपर्ने अवस्था छ।

वित्तीय व्यवस्थापनका लागि वैकल्पिक स्रोतका रुपमा विभिन्न वित्तीय उपकरण प्रयोग गर्ने तयारी गरेको छ। त्यसमा साधारण सेयर, कर्पोरेट बण्ड, डिवेन्चर, ग्रिन बण्ड आदिमार्फत स्रोत जुटाउनुपर्ने आवश्यकता रहेको प्राधिकरणको बुझाइ छ।हाल सहमति प्राप्त अधिकृत पूँजीको १० प्रतिशत सेयर सर्वसाधारणलाई जारी गर्न आवश्यक छ। प्राधिकरण ऐन २०४१ को दफा (५) मा सर्वसाधारणलाई सेयर जारी गर्न सकिने व्यवस्था रहेको छ। सोही अनुसार प्राधिकरणको सेयर जारी गर्ने प्रस्ताव गरिएको हो।सर्वसाधारणलाई सेयर जारी गरी प्राप्त हुने रकम दीर्घकालीन लगानीका रुपमा जलाशययुक्त आयोजना निर्माण, प्रसारण तथा वितरण लाइनको विस्तार तथा सुदृढीकरण कार्यमा उपयोग गरिनेछ। प्राधिकरणसँग रहेको स्थिर सम्पत्तिको आधारलाई उपयोग गरी वित्तीय उपकरणमार्फत स्रोतको व्यवस्थापन गरी ठूला आयोजना निर्माण गर्न सकिने छ।

सेयर जारी गर्दा प्राधिकरणको सेयर संरचनामा परिवर्तन हुनाका साथै सरकारको जोखिम तथा दायित्व कम हुने, सञ्चालक समितिमा सेयरधनीको प्रतिनिधित्व हुने भएकाले उत्तरदायित्व, पारदर्शिता, स्वायत्तता र सुशासनमा थप अभिवृद्धि हुनेछ।

प्राधिकरणको अधिकृत पूँजी ३ खर्ब रुपैयाँको १० प्रतिशत सेयर पहिलो चरणमा सर्वसाधारणलाई जारी गर्न प्रस्ताव गरिएको छ। प्राधिकरणको आर्थिक वर्ष २०७८/७९ सम्मको सेयर पूँजी १ खर्ब ७५ अर्ब रुपैयाँ र सञ्चित नाफासहितको जगेडा कोष २७ अर्ब रुपैयाँ गरी जम्मा २ खर्ब २ अर्ब रुपैयाँ नेटवर्थ (सेयर निष्कासन प्रयोजनका लागि) रहेको छ।

धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को दफा २५ (क) बमोजिम खुद सम्पत्ति (नेटवर्थ) को अधिकतम २ गुणासम्म प्रति सेयर मूल्य कायम गरी प्रिमियम मूल्यमा सेयर निष्कासन गर्न सकिने व्यवस्था छ।अधिकृत पूँजी ३ खर्ब रुपैयाँ पुर्‍याउने गरी अर्थ मन्त्रालयबाट सहमति प्राप्त भएकाले उक्त पूँजीको १० प्रतिशत सेयर सर्वसाधारणलाई जारी गर्ने स्वीकृतिका लागि कार्यकारी निर्देशकले सञ्चालक समितिसमक्ष प्रस्ताव गरेका थिए।

प्राधिकरणले यस वर्ष पनि 'डबल ए प्लस क्रेडिट रेटिङ' पाएको छ। इक्रा नेपालले प्राधिकरणको क्रेडिट रेटिङ गरी 'इक्रा एनपी डबल ए प्लस' स्तरको रेटिङ प्रदान गरेको छ। अघिल्लो वर्ष पनि प्राधिकरणले सोही रेटिङ पाएको थियो।डबल ए प्लस रेटिङ प्राप्त गर्ने संस्थाको आफ्नो वित्तीय तथा आर्थिक दायित्व समयमै बहन गर्न सक्ने उच्च क्षमता सुरक्षित रहन्छ। डबल ए प्लस रेटिङ पाउने संस्थासँगको वित्तीय कारोबारमा ज्यादै न्यून ऋण भुक्तानी जोखिम हुन्छाइक्राले प्राधिकरणको वित्तीय अवस्था, सम्पत्ति, व्यावसायिक तथा वित्तीय जोखिमहरुको विश्लेषण, व्यवस्थापकीय क्षमता, सञ्चालन प्रभावकारितामा प्रभाव पार्ने आन्तरिक तथा बाह्य वातावरणीय तत्वहरुलगायतको विश्लेषण गरेको थियो। सोही विश्लेषणका आधारमा प्राधिकरणको क्रेडिट रेटिङ गरिएको हो।क्रेडिट रेटिङमार्फत कुनै व्यक्ति वा सङ्गठित संस्थाको साखको गुणस्तर सम्बन्धमा मूल्याङ्कन गर्ने तथा राय प्रकट गर्ने काम गरिन्छ। यसमा संस्थाको ऋण दायित्व भुक्तान गर्ने क्षमता सम्बन्धमा निहित जोखिमबारे सरल र बुझ्न सकिने साङ्केतिक सूचकका रुपमा राय दिइन्छ।

विद्युत् उत्पादन, प्रसारण र वितरणलाई सक्षम, भरपर्दो र सर्वसुलभ गरी विद्युत् आपूर्तिको समुचित व्यवस्था गर्न सरकारको पूर्ण स्वामित्वमा प्राधिकरण स्थापना गरिएको हो। प्राधिकरणले देशभित्र विद्युत् उत्पादन, प्रसारण र वितरणका अतिरिक्त आन्तरिक तथा सीमापार विद्युत् व्यापार पनि गरिरहेको छ।

सरकारले विद्युत् विकासका आफ्ना कार्यक्रम कार्यान्वयन गर्न वार्षिक रुपमा बजेट विनियोजन, सेयरमा लगानी (नगद वा ब्याज-साँवा पूँजीकरण) र अन्य आवश्यक रकम/सञ्चालनमार्फत प्राधिकरणलाई सहयोग गरिरहेको छाप्राधिकरणका कार्यकारी निर्देशक घिसिङका अनुसार सार्वजनिक निकायमध्ये प्राधिकरणले डबल ए प्लस क्रेटिड रेटिङ पाएकाले संस्थामा वित्तीय दायित्व बहन गर्न सक्ने उच्चतहको सुरक्षित क्षमता देखिएको छ।'क्रेडिट रेटिङबाट संस्थाको वित्तीय स्वास्थ्य राम्रो देखिएको छ। ऋण तिर्न सक्ने क्षमता देखिएको छ,' उनले भने।कार्यकारी निर्देशक घिसिङका अनुसार आन्तरिक माग धान्न हिउँदका केही महिनामा हुने विद्युत् आयात प्रतिस्थापन छिट्टै हुँदै छ। हरेक वर्ष हुने विद्युत् निर्यात वृद्धि, आन्तरिक रुपमा हुने विद्युत् खपत वृद्धि तथा प्रणालीको चुहावट नियन्त्रणमा हासिल भइरहेका सफलताले संस्थाको नाफा बढ्दै गएको देखाएको उनको भनाइ छाविद्युत् उत्पादनतर्फका आयोजनाहरु निर्माण र विद्युत् आपूर्तिलाई थप भरपर्दो, गुणस्तरीय तथा सुरक्षित बनाउन प्रणाली सुधार तथा विस्तारका लागि ठूलो पूँजी आवश्यक पर्ने छ, यसका लागि संस्थाले कमाएको नाफा र सेयर निष्कासनबाट प्राप्त हुने रकमबाट लगानीको खाडल पूरा गर्ने योजना तय गरेको छाप्राधिकरणले स्वदेशी तथा विदेशी लगानीकर्ताहरुले निर्माण गर्ने जलविद्युत् आयोजनाहरुसँग

*(बाँकी ३ पेजमा>>>*

# बुटवल अस्वस्थ्यकर शहरमा परिणत



बुटवल, २८ पुस

वातावरण चिसो हुनुका साथै वायू प्रदुषण हुँदा मानिसमा स्वस्थ्य समस्या बढेको छ। हाम्रो वरपर पूर्वाधार निर्माण, सवारी साधनबाट निस्कने प्रदुषण मिसिएका वायूमा मसिना कणहरु भएको र यसले मौसममा प्रभाव पार्ने हुँदा यसबाट जोगिनुपर्ने चिकित्सकहरुको सुझाव छ ।सिद्धार्थ बाल तथा महिला अस्पताल (आम्दा) का बालरोग विशेषज्ञ डा. सन्तोष पोखरेल श्वाश्वप्रश्वासका बिरामीहरु बढेको बताउँछन् । 'बालबालिका र वृद्धवृद्धाहरुमा श्वासप्रश्वासको समस्या देखिएको छ'–उनले भने ।

मौसम पूर्वानुमान गर्ने विभिन्न साईडहरुमा हावाको गुणस्तर ईण्डेक्सले बुटवल क्षेत्रको खराव अवस्था देखाएको छ । सामान्यतया मानिसले लिने हावाको मापदण्ड १९ एयर क्वालिटी ईन्डेक्स (एक्युआई) लाई उत्कृष्ट मानिने चिकित्सक बताउँछन् ।

अहिले एक्युवेदर (मौसम पूर्वानुमान गर्ने अनलाईन एप) मा बुटवल आसपासको हावाको प्रदुषण मापन २५१ एक्युआई देखाएको छ । यो आम मानिसका लागि घातक हो । यही हावाको गुणस्तर ईन्डेक्समा १९८ एक्युआईसम्म भए धेरै अस्वस्थकर, ४४ भए सामान्य र १९ सम्मलाई उत्कृष्ट मानिन्छ । जनघनत्वसंगै सवारी साधनको संख्या वृद्धि, निर्माण कार्यहरुका कारण वातावरण प्रदुषण हुने क्रम बढेको डा. पोखरेल बताउँछन् ।

हावामा रहेका २.५ माइक्रोमिटरभन्दा कम व्यास भएका प्रदूषक कणहरु (फाइन पार्टीक्युलेट म्याटर) मानिसको फोक्सो र रक्तप्रवाहमा प्रवेश गरेर गम्भीर स्वास्थ्य समस्याहरु निम्त्याउन सक्ने उनले बताए । 'यसले सबैभन्दा गम्भीर असर फोक्सो र मुटुमा पर्छ'–उनले भने । खोकी लाग्ने वा सास फेर्न गाह्रो हुने, दम बढेको र दीर्घकालीन श्वासप्रश्वास रोगको समस्या उत्पन्न गर्ने उनको दाबी छ ।

बुटवलमा चिसोसंगै घ्यारघ्यार हुने, रुघाखोकी लाग्नेजस्ता श्वासप्रश्वासका समस्या भएका बिरामी अस्पतालमा बढेका छन् । यस्तो समयमा सकेसम्म घरबाहिर ननिस्कनु उपयुक्त हुने उनी बताउँछन् ।

कोरोना भाईरस सामान्यतया हावाबाट संक्रमितबाट अर्कोमा सहजै सर्ने भएपनि अन्य रोगका भाईरस भने संक्रमितहरुसंग २० मिनेट बढी समय सँगै सम्पर्कमा बस्दा सर्ने गर्दछ । प्रदर्शनी, नयाँ वर्षको मेलाहरु, जहाँ भिडभाड हुन्छ त्यो ठाउँमा जानेहरुमा बढी रोग सरेको भेटिएको उनले बताए । जाडोमा कोल्ड डाईरियाको भाईरसका कारण बिरामी भएर उपचारमा आएको उनले बताए ।

धुलो उडेका भिडभाडमा राखिएको खानाहरु, फुल्की, चटपटे जस्ता खान्कीले रोटाभाईरस सर्ने र उल्टी हुने, ज्वरो आउने, झाडाबान्ताको समस्याहरु देखिएको उनले बताए ।

अघिल्लो वर्षभन्दा बिरामीको चाप बढेको उनले बताए । यो वर्ष दम बल्झने, रुघाखोकी जस्ता श्वासप्रश्वासको समस्या बालबालिका र वृद्धबृद्धाहरुमा बढी देखिएको उनी बताउँछन् ।निमार्णजन्यस्थल वातावरणमैत्री बनाउन सके जोखिम न्युनीकरण हुने देखिन्छ ।

यसैगरी वातावरणको विषयमा मापदण्ड पूरा नगर्ने निर्माण ब्यवसायीहरुलाई ठेक्का नदिने जस्ता कडा कानुन ल्याउनुपर्ने हुन्छ । विकासको नाममा विनास हुने प्रवृत्तिलाई रोक्न जरुरी रहेको छ ।

# समृद्धिको लागि पर्यटन : हाइकिङ्ग यात्रामा यूवासंघ



रुपन्देही२८ पुस

नेकपा एमालेको भातृ संगठन राष्ट्रिय युवा संघ नेपालले बुटवल तथा आसपासका पर्यटकीय क्षेत्रको प्रचार गर्न भन्दै पदयात्रा गरेको छ ।युवा संघ रुपन्देही जिल्ला कमिटीको आयोजनामा शनिबार बिहान बुटवलको गोलपार्कदेखि पाल्पाको बसन्तपुरसम्मको पैदलयात्रा शुरू गरिएको हो ।समृद्धिको लागि पर्यटन प्रवर्द्धन नारा दिइएको हाइकिङ्ग यात्राको अगुवाइ नेकपा एमालेका उपाध्यक्ष बिष्णु पौडेलले गरेका हुन् । पदयात्रामा नेकपा एमाले पोलिटब्युरो सदस्य लिला गिरी, माधव शर्मा, खिमलाल भट्टराई, केन्द्रीय सदस्यहरु, सावित्रा अर्याल गोमादेवी आचार्य, प्रतिनिधिसभा सदस्य बासुदेव घिमिरे, जिल्ला अध्यक्ष तेजेन्द्र केसी, युवासंघका नेता तथा कार्यकर्ताहरूको सहभागिता छ ।

बुटवल र आसपास प्रयाप्त पर्यटकीय सम्भावना रहेको र पर्यटकीय क्षेत्रको प्रचार प्रसारका लागि पदयात्रा आयोजना गरिएको युवा संघ नेपाल रुपन्देहीका अध्यक्ष विकासजंग बस्नेतले बताए।

# सम्पादकीय

## माघी मेलाको पूर्वतयारी

कपिलवस्तु जिल्ला थारुहरुको वस्तीले भरिएको थियो ४० वर्ष अगाडिसम्म । अहिले थारु जाति नै अल्पमतमा पर्ने अवस्था तयार भैसकेको छ । उत्तर र दक्षिण, पूर्व र पश्चिमबाट बसाई सराई गरेर आउनेहरुले रैथानेको बिउ र जीउ समेत रहन नदिने हुन् कि भन्ने लागेको होला कतिपयलाई । दक्षिणतिरबाट आउनेले अवध प्रदेशांस ठान्ने, उत्तरबाट पस्नेले मगरातको हिस्सा मान्ने, पश्चिमबाट छिर्नेले कर्णालीप्रदेश भित्रको हो भन्ने, यहीकै बासिन्दालेचाहिँ हामी कसैका पनि होइनौ प्राचीन कपिलवस्तुदेखिकै बुद्धकालीन बासिन्दा हौं, शाक्यबंशज हौं, भूमिपुत्र रह्यौं र रहनेछौं भन्ने गर्छन् । भूतपूर्व महान्यापाधिवक्ता स्व.रामानन्दप्रसाद सिंहले थारुहरु बुद्धका बंशज भएको मानेर पुस्तक समेत लेखेका छन् । अरुहरुले पनि त्यस्तै मान्छन् । तर कतिपय इतिहासकारहरुलेचाहिँ भारतको थार मरुभूमिबाट आएर, यहाँका सालको जंगल फाँडेर वस्ती बसाएका आदिबासी पनि भन्छन् । १६ औं र सत्रौं शताब्दीतिरसम्मका लिखत अभिलेखले पनि त्यो कुरालाई पुष्टि त गर्छन्, तर त्यसपूर्वको अवस्था प्रमाणका आधारमा भन्न सकिन्न । जस्ले जे भने पनि कपिलवस्तु थरुवानभूमि थियो भन्न सकिन्छ अझैसम्म । भोलिको जिम्मा लिन त कस्ले पो सक्छ र ?

माघे संक्रान्ति नेपाली भाषामा भने पनि थारुहरुले भन्नेचाहिँ माघी नै हो । माघीमा हरवा चरवाले मालिक बदल्नेदेखि लिएर भोटा दिने र लिनेले लैजाने चलन थियो २० वर्ष अघिसम्म । अहिले हरवा चरवा र कमैया प्रथा त छैन । तर मालिकका घरमा काम गर्नेहरु छन् नाम परिवर्तन गरेर, गराएर । हरवा चरवा, हलिया, कमैया प्रथा उन्मूलन सरकारले गरे पनि विकल्प दिएन, काम नगरी जीउने आधार थिएन । कागजी स्वतन्त्रता र मुक्ति, ब्यवहारिक र पारिवारिक जिम्मेवारीका बन्धनले कहिलै छाड्दैन कसैलाई पनि । थारुहरुलाई पनि छाडेन । अरुहरु बसाई सरेर यता आउँदा थारुहरु एक/एक गरेर विस्थापित हुँदैछन् विस्तारै । जो गए, उनीहरु बिराना भए । जो बाँकी रहेका छन् उनीहरुको संस्कृति, परम्परा र पहिचान जोगाउने प्रयास जारी छ । भोली माघी भएकोले आजसम्म त्यसैको पूर्वतयारी छ । यस वर्षको माघीमा बाणगंगा नगरपालिकामा २, ३ र ४ गते नगरस्तरीय माघी मेला गरिने भएको छ । बुद्धभूमि नगरपालिकामा पुस २९ अर्थात् आज र भोलि माघ १ गते गरी दुई दिनसम्म माघी मेला चल्ने छ । त्यस्तैगरी शिवाराज नगरपालिका वडा नं. १ उमरीस्थित थारु संग्रहालयको उद्घाटन गरेर माघ १ गतेदेखि ३ गतेसम्म माघी महोत्सव मनाइने भएको छ । विजयनगर गाउँपालिकाका केही वडामा समेत वडास्तरीय माघी मेलाको आयोजना गरिने भएको आयोजकहरुले बताएका छन् । वर्षैपिच्छे उही मेला, महोत्सव, खान-पान र नाँच-गान गरेर रमाउने काम गरिन्छ, र सकिन्छ समय । अलि दीर्घकालसम्म रहनसक्ने र जीवन यापनका लागि सघाउने खालका कार्यक्रमतिर सोच्न पर्छ अब । उही कुरा दोहोऱ्याएर, बजेट खर्च गरेर, समय सकेर, विस्तारै सकिनु भन्दा जम्ने जुक्ति खोज्नपर्छ थारु अगुवासहित अरुहरुले पनि । थारुका समस्या उनैले समाधान गरुन् भनेर हुन्न । थारु सभ्यतासंगै स्थानीय परम्परागत शासकीय शैली लोप नहोस् भनेर सोच्नुपर्छ सवैले ।

# कुरा एकातिर, काम अर्कातिर



> देशको कार्यकारीमा अन्तर्निहित यो विरोधाभासले वर्तमानको निराशाजनक राजनीतिलाई मात्र प्रतिविम्बित गर्दैन, देशको भविष्य पनि अनिश्चित र असुरक्षित तुल्याएको देखिन्छ ।



माधवी भट्ट

प्रधानमन्त्री पुष्पकमल दाहालले पुस १० गते राष्ट्रका नाममा सम्बोधन गर्दै विकास र सुशासनका लागि यथास्थितिलाई तोडेर नयाँ कार्य योजनासहित अघि बढ्ने संकल्प गरेका थिए। विश्वविद्यालयहरूमा दलीय भागबन्डाको अन्त गर्ने, अक्षम राजदूत तथा मन्त्रीहरूलाई हटाउने र आफ्नो कार्यशैली परिवर्तन गरी अत्यावश्यक र अपरिहार्य कार्यक्रमबाहेक अन्यत्र सहभागी नहुने प्रतिबद्धता पनि जनाएका थिए।

तर विगतमा जस्तै यस पटक पनि प्रधानमन्त्रीको कथनी र करनीबीच व्यापक भिन्नता देखिएको छ। उनका प्रतिबद्धताहरू सस्तो लोकप्रियताबाट अभिप्रेरित ‘क्षणिक भावुकता’ मात्र थिए भन्ने प्रस्ट भइसकेको छ। यस लेखमा प्रधानमन्त्रीको सम्बोधन र व्यवहारमा देखिएको विरोधाभासको विश्लेषण गरिएको छ।

प्रधानमन्त्री दाहालले विश्वविद्यालयलाई भागबन्डाको राजनीतिबाट अलग राखिने र ‘मेरिटोक्रेसी’ का आधारमा उपकुलपति र अन्य पदाधिकारी नियुक्ति गर्ने मात्रै उल्लेख गरेका थिएनन्, त्यसको सुरुआत त्रिभुवन विश्वविद्यालय (त्रिवि) बाटै हुने प्रस्ट पारेका थिए। दलीय भागबन्डाका कारण रुग्ण बनेको त्रिवि सुधार गर्ने महत्त्वाकांक्षी प्रस्तावको चौतर्फी प्रशंसा भएको थियो। यद्यपि भरोसा भने थिएन।

सम्बोधनको १० दिनपछि पुस २० मा शिक्षा मन्त्रालय अन्तर्गतको उपकुलपति छनोट समितिले देशको सबैभन्दा पुरानो विश्वविद्यालयमा उपकुलपति नियुक्तिका लागि दरखास्त आह्वान गर्दै निकालेको विज्ञापनमा मेरिटोक्रेसीको धज्जी मात्र उडाइएको थिएन, उक्त प्राज्ञिक संस्थालाई ‘आउटडेटेड’ र अक्षम पूर्वपदाधिकारीहरूको क्लब बनाउने कुचेष्टा पनि गरिएको थियो। सामाजिक सञ्जाल र सञ्चारमाध्यममा चौतर्फी विरोध भएपछि प्रधानमन्त्रीले उक्त विज्ञापन रद्द गर्न ठाडो आदेश दिए। तर त्रिवि सुधार र सक्षम उपकुलपति छान्न कुनै गृहकार्य गरेनन्। शिक्षामन्त्रीको अध्यक्षतामा गठित अक्षम समितिले सक्षम नेतृत्व चयन गर्न सक्दैन भन्ने हेक्कासम्म प्रधानमन्त्रीलाई छैन।

आधुनिक शिक्षामा अभ्यस्त नभएका शिक्षामन्त्रीको नेतृत्वमा प्राज्ञिक क्षेत्रबाहिरका शिक्षासचिव र माओवादीनिकट एक उपप्राध्यापक सम्मिलित समितिले सक्षम उपकुलपतिको न योग्यता निर्धारण गर्न सक्छ न त समीक्षा नै। उपकुलपति छनोट गर्ने समितिमा उपप्राध्यापक हुनु नै पहिलो खोट हो। विश्वविद्यालयलाई गति दिन अत्यावश्यक पर्ने आधारभूत दक्षताको न पहिलो विज्ञापनमा खोजी गरियो न त दोस्रोमै। यसबाट प्रस्ट हुन्छ, प्रधानमन्त्रीले सम्बोधन गर्नुपूर्व र पश्चात् त्रिवि सुधारका लागि कुनै संवाद र परामर्श गरेकै रहेनछन्।

प्रधानमन्त्रीले सम्बन्धित निकायलाई समयमै निर्देशन दिएका भए छनोट समितिले पहिलो विज्ञापनमा नीतिगत अपराध गर्दै विश्वविद्यालयको पदाधिकारीमध्ये कुनै एक पदमा कम्तीमा तीन वर्ष काम गरेको हुनुपर्ने प्रावधान राख्ने थिएन।

विश्वविद्यालय पदाधिकारीको कार्यकाल चार वर्षको हुन्छ। तीन वर्ष मात्र पदाधिकारी भएका माओवादीनिकट एक व्यक्तिलाई नछुटाउने मनसायले यस्तो प्रावधान राखी विज्ञापन गरिएको थियो। प्रधानमन्त्रीको ‘ग्रिन सिग्नल’ बिना यस्तो विज्ञापन आउने कुनै सम्भावना देखिँदैन।

विज्ञापन स्थगित गर्ने प्रधानमन्त्रीको आदेशपश्चात् समितिले पूर्वपदाधिकारी हुनुपर्ने प्रावधान हटाएर नयाँ विज्ञापन गरेको छ। नयाँ विज्ञापनमा उपकुलपतिको न्यूनतम शैक्षिक योग्यता विद्यावारिधि नराखेर स्नातकोत्तर राखिएको छ। अनुसन्धान र परियोजना सम्पन्न गरेबापत दिइने अंकभार निकै कम छ। यसबाट त्रिवि सुधार र नयाँ नेतृत्व छनोट गर्न सबैभन्दा पहिले छनोट समिति विघटन गरी राजनीतिबाहिरका सक्षम व्यक्तिको नेतृत्वमा समिति बनाउन जरुरी देखिन्छ।

विश्वविद्यालयलाई सही नेतृत्व दिन यति बेला साहसपूर्वक क्रमभङ्ग गर्न जरुरी छ। आवश्यक पर्छ भने आमूल परिवर्तनका लागि अन्तर्राष्ट्रिय तहबाटै उपकुलपति छनोट गर्नु जरुरी छ। नेपाली नागरिकताधारी हुनैपर्ने प्रावधान पनि जरुरी देखिँदैन।

विदेशी नागरिकता लिएका नेपालीहरू त्रिवि सुधारको सपना र संकल्प बोकेर जिम्मेवारी लिन तयार छन् भने तिनलाई रोक्नु जरुरी छैन। विदेशी मूलकै व्यक्तिले पनि त्रिवि सुधारको रोडम्याप दिन्छ भने स्विकार्न सक्नुपर्छ। लाखौं विद्यार्थीको सपना र भविष्य जोडिएको त्रिविको सुधारलाई घरेलु सङ्कीर्णता र राजनीतिको दोषी चस्माले हेर्नु पूर्णतः गलत छ। खाडी मुलुकहरूका कैयन् विश्वविद्यालय अमेरिकी नागरिकहरूले नेतृत्व गरिरहेका छन्।

तसर्थ पूर्वपदाधिकारी हुनुपर्ने प्रावधान मात्र हटाएर गरिएको नयाँ विज्ञापनले पनि सक्षम नेतृत्व ल्याउन सम्भव छैन। यसका लागि व्यापक गृहकार्य गरी नयाँ मापदण्ड बनाउन र संरचना परिवर्तन गर्नुपर्छ। प्राध्यापकले अनुसन्धान क्षेत्रमा पछिल्ला पाँच वर्षमा पुऱ्याएको योगदानको मूल्यांकन गुगल स्कलरको साइटेसन रिपोर्टलाई आधार मानेर गर्ने हो भने विश्वविधालयबाट राजनीति स्वतः खारेज हुनेछ।

विज्ञापनको नाटक आम जनतालाई भुलभुलैयामा राख्न गरिएको हो। त्यसो त यसअघि नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान (नास्ट) मा पनि प्रधानमन्त्री र शिक्षामन्त्रीले मेरिटोक्रेसी होइन, निर्वाचन क्षेत्र हेरेका थिए। शिक्षामन्त्रीले आफ्नै गृहजिल्ला सुनसरीका दिलीप सुब्बालाई उपकुलपति र दाहालले आफ्नो निर्वाचन क्षेत्र गोरखाका माओवादी कार्यकर्ता रवीन्द्र ढकाललाई सदस्यसचिवमा क्षमताका आधारमा हैन आगामी निर्वाचन हेरेर नियुक्त गरेका थिए। यस्तो सङ्कीर्णता भविष्यमा हुने नियुक्तिहरूमा नदोहोरिएला भन्न सकिँदैन।

प्रधानमन्त्री कार्यालयको संरचना बदल्ने प्रतिबद्धताअनुरूप केही थान कर्मचारीको कटौती भएको छ। तर प्रधानमन्त्रीय काम उनको सिंहदरबारस्थित कार्यालयबाट होइन, सरकारी निवास बालुवाटार र निजी निवास खुमलटारबाट हुने गरेको तथ्य घामजत्तिकै छर्लङ्ग छ। प्रधानमन्त्रीको निजी र स्वकिय सचिवालय नफेरेसम्म भ्रष्टाचारको अन्त्य र सुशासनको सम्भावना रहँदैन। दसवर्षे सशस्त्र द्वन्द्वको नेतृत्व गरेका प्रधानमन्त्रीको सचिवालय छोरी, ज्वाइँ, बुहारी र आफन्तले भरिनु कति जायज र न्यायसङ्गत हो ? के हिजो द्वन्द्वकालमा दाहालको व्यक्तित्व र राजनीतिका लागि जीवन दाउमा राखेर हिंडेका ‘लडाकु’ र कार्यकर्ता तथा विषयविज्ञहरूले सचिवालय सञ्चालन र व्यवस्थापन गर्न सक्दैनन् ?

दाहाल परिवारको बढ्दो द्रव्यमोह र सामन्ती जीवनशैली समाज रूपान्तरणको बाधक हो भन्ने आम जनताको बुझाइ छ। राज्य संयन्त्रको दुरुपयोग गरी नाजायज फाइदा लिने उद्देश्य छैन भने आफ्ना र आफन्तले मात्र कार्यालय सञ्चालन गर्न सक्छन् भन्ने विश्वास किन ? प्रधानमन्त्री कार्यालयसँगै निजी सचिवालय पनि परिवर्तन भयो भने मात्र उनको संशोधनले केही हदसम्म सार्थकता पाउन सक्छ।

प्रधानमन्त्रीले उल्टो ‘परिवारवाद’ को संरक्षण गर्दै केही थान कर्मचारी कटौती गरेर जनतालाइ झुक्याउने कोसिस गरेका छन्।

यसै गरी, प्रधानमन्त्रीले कार्यक्षमता कमजोर भएका मन्त्रिलाई हटाउने र राजदूत तथा कूटनीतिक नियोगका कर्मचारीलाई फिर्ता बोलाउने कुरा सुन्दा जति रोमाञ्चक र आशावादी देखिन्छ, यसको अन्तर्य भने डरलाग्दो छ। नेपालमा कुन राजदूत कार्यक्षमता वा मेरिटोक्रेसीका आधारमा नियुक्त भएको छ र उसलाई कार्य सम्पादनका आधारमा फिर्ता बोलाउने ? एमालेसँगको गठबन्धनमा रहदा होस् वा काग्रेससगको गठबन्धनमा रहँदा, राजदूत नियुक्तिमा प्रधानमन्त्री दाहालको प्रत्यक्ष संलग्नता छ।

आर्थिक सहयोग वा नाता सम्बन्ध नै राजदूत नियुक्तिको सबैभन्दा बलियो आधार बन्ने गरेको छ। ठूलो रकम बुझाएर वा नाता सम्बन्धका आधारमा नियुक्तिपत्र लिएकाहरूलाई कार्य सम्पादनका आधारमा फर्काउने कुरा पूरै झूट हो। मन्त्रीहरूको कार्यक्षमता पनि मजाक बनाइएको छ। विषयगत ज्ञानको अभाव र ट्र्याक रेकर्ड राम्रो नभएको जान्दाजान्दै बनाइएका मन्त्रीहरूले डेलिभरी दिएनन् भनेर हुन्छ ? भ्रष्टाचार रोक्न र सुशासन दिन कस्सिएका कतिपय मन्त्रीको हात शीर्ष तहबाटै बाँधिएको छ। कतिपय मन्त्री स्वतन्त्र नै छैनन् भने उनीहरूले के गर्न सक्छन् ? राजदूत र मन्त्रीको मूल्यांकन गर्ने प्रक्रिया र संयन्त्रसम्म बनाउन सकिँदैन भने फिर्ता बोलाउने उत्तेजक अभिव्यक्ति किन ?

प्रधानमन्त्रीले गर्वसाथ प्रस्तुत गरेको अर्को विषय हो– भ्रष्टाचारविरुद्ध गरिएका कारबाही। उनले देशमा भीआईपी कल्चर स्थापित भएको र हाइप्रोफाइललाई कानुनले छुन सक्दैन भन्ने भाष्य स्थापित भएकामा वर्तमान सरकारले त्यसलाई अन्त्य गरेको दाबी गरे।

नक्कली भुटानी शरणार्थी काण्ड, ललिता निवास र सुन तस्करीमा गरिएका कारबाहीले पहुँचमा रहेका व्यक्तिहरूलाई कानुनी कारबाहीमा ल्याइएको गर्वसाथ दाबी गरेका प्रधानमन्त्रीले सुन काण्डमा तस्करसँग दोहोरो-तेहरो संवाद र सम्पर्कमा रहेको प्रमाण सार्वजनिक भइसक्दा पनि माओवादी नेता कृष्णबहादुर महरालाई किन पक्राउ गरिएन, जवाफ दिनुपर्दैन ? ललिता निवास काण्डमा दोषी देखिएका हाइप्रोफाइललाई लुकाउन स्वयं प्रधानमन्त्री नै सक्रिय भएको होइन ?

सम्बोधनको करिब दुई हप्ता बित्दा न मन्त्री हटाउने संकेत देखिएको छ, न त राजदूत फिर्ता बोलाउने प्रक्रिया नै थालिएको छ।पीडितकेन्द्रित भएर शान्ति सम्झौताका बाँकी काम टुंग्याउने प्रधानमन्त्री दाहालको प्रतिबद्धता त झन् मजाक नै भएको छ। प्रधानमन्त्री माफीकेन्द्रित आयोग चाहन्छन्। सर्वोच्च अदालतको आदेश र अन्तर्राष्ट्रिय समुदायको दबाबका कारण माफीकेन्द्रित कानुन बन्न सकेको छैन। माओवादीकै कारण द्वन्द्वकालमा प्रयोग गरिएका बाल सेनाको विषय प्रस्तावित कानुनमा राख्न दिइएको छैन।

विचाराधीन ऐनमा मानवताविरोधी अपराध भन्ने शब्दावलीसमेत हटाइँदै छ। संक्रमणकालीन न्याय विधेयकमा सहयोग गर्ने प्रतिबद्धता जनाए एमालेलाई राष्ट्रिय सभामा केही सिट दिने प्रधानमन्त्रीको अभिव्यक्तिले लोकतन्त्र र मानव अधिकारको हुर्मत लिएको थियो।

संयोगवश, उक्त योजना सफल हुन सकेन। त्यसो त सम्बोधनमा प्रधानमन्त्रीले आफ्नो कार्यशैली परिवर्तन गरी अत्यावश्यक र अपरिहार्य कार्यक्रमबाहेक अन्यत्र सहभागी नहुने प्रतिबद्धता पनि जनाएका थिए। अनावश्यक ठाउँमा जान्नँ भनेकै भोलिपल्ट उनले व्यक्तिगत उद्देश्य पूरा हुने गरी गोरखाका विभिन्न ठाउँमा राखिएका पार्टीगत कार्यक्रममा जान राज्यको साधनस्रोतको दुरुपयोग गरे।

देशको कार्यकारीमा अन्तर्निहित यो विरोधाभासले वर्तमानको निराशाजनक राजनीतिलाई मात्र प्रतिविम्बित गर्दैन, देशको भविष्य पनि अनिश्चित र असुरक्षित तुल्याएको देखिन्छ।-कान्तिपुर

# गुल्मी एमालेमा तीन दिने जिल्लास्तरीय प्रशिक्षण

गुल्मी, २८ पुस

नेकपा (एमाले) गुल्मी जिल्ला कमिटीले तीन दिने प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ ।बुधबारबाट पार्टी महासचिव शंकर पोखरेलको प्रमुख आतिथ्यता र उपमहासचिव एवं केन्द्रीय पार्टी स्कुल विभाग प्रमुख प्रदीप ज्ञवालीको विशेष आतिथ्यतामा प्रशिक्षण कार्यक्रम सुरु भएको थियो ।

तम्घासमा भएको प्रशिक्षण कार्यक्रमको समापन पोलिटब्यूरो सदस्य एवं गुल्मी जिल्ला इन्चार्ज सूर्य थापाले गर्नुभएको छ ।बैठकमा १२ जना प्रशिक्षकले विभिन्न विषयमा प्रशिक्षण दिनुभएको थियो । करिब २०० जनाको सहभागिता रहेको प्रशिक्षण कार्यक्रमको अध्यक्षता जिल्ला अध्यक्ष बालसिंह काउछाले गर्नुभएको थियो ।प्रशिक्षणमा महासचिव पोखरेलले जनताको बहुदलीय जनवाद र दशौं राष्ट्रिय महाधिवेशनको कार्यदिशा र कार्यभार, उपमहासचिव ज्ञवालीले मार्क्सवादी विश्वदृष्टिकोण र समाज रूपान्तरण, जिल्ला इन्चार्ज थापाले पार्टीको आजको प्रचार कार्य, सूचना प्रविधि र राजनीतिक संचारको महत्वबारे प्रशिक्षण दिनुभएको थियो ।यसैगरी, दिनेश पन्थीले कम्युनिष्ट शैली, पद्दति र अनुशासनको महत्व, रचना खड्काले पार्टी संगठन निर्माण, सञ्चालन र व्यवस्थापन, कमलराज श्रेष्ठ र मोडरेटर जंग नेपालीले गुल्मी जिल्लाको विकासमा पार्टीको नेतृत्वदायी प्रयास र भूमिका, गणेश खनालले राजनीतिक दलहरूको तुलनात्मक अध्ययन, बद्री खनालले राजनीतिक अर्थशास्त्र र वर्तमान अवस्था, बालसिंह काउछाले गुल्मी जिल्लाको कम्युनिष्ट आन्दोलन-विगत, वर्तमान र भविष्य, राजेन्द्र अर्यालले राजनीतिक शब्द परिचय र फर्शु पाण्डेले उद्यम र उद्यमशीलता तथा आर्थिक अनुशासनको विषयमा प्रशिक्षण दिनुभएको थियो ।

यस्तै, शुक्रबार तम्घासमा भएको जिल्ला कमिटीको बैठकले २०८० साललाई प्रशिक्षण वर्षमा सदुपयोग गर्ने संकल्प गरेको एमाले गुल्मीले जनाएको छ । बैठकमा हालसम्मका १५ वटा जिल्ला, पालिका र सम्पर्क मञ्चसमेतको तहमा आयोजित प्रशिक्षण शृत्त लाको समीक्षा गर्नुका साथै माघ र फागुन महिनाभरिमा ९३ वटै वडामा प्रशिक्षण सम्पन्न गर्ने निर्णय गरेको एमाले गुल्मीका इन्चार्ज सूर्य थापाले जानकारी दिनुभयो ।

## विद्युत प्राधिकरणको ६० अर्ब...

दीर्घकालीन विद्युत् खरिद सम्झौता (पीपीए) गरिहेको छ। क्रेडिट रेटिङको नतिजाले त्यस्ता आयोजनाको रकम भुक्तानी गर्न प्राधिकरणसँग उच्चस्तरको वित्तीय क्षमता रहेकाले लगानी जोखिम नरहेको दखिन्छाइक्रा नेपालले प्राधिकरण सरकारको पूर्ण स्वामित्वमा रहेको, विद्युत् प्रसारण, वितरण र मुलुकभित्र तथा बाहिरी मुलुकसँग विद्युत् खरिद-बिक्रीको एकाधिकार प्राप्त तथा सरकारको रणनीतिक संस्था भएको, सहायक कम्पनीसहित करिब १ हजार १ सय मेगावाटको विद्युत् उत्पादन क्षमता भएको, सरकारले हरेक वर्ष बजेटमार्फत ऋण र सेयरमा लगानी गर्ने गरेको उल्लेख गरेको छाप्रसारण तथा वितरण प्रणाली सुधार तथा विस्तारका लागि गरिएको पूँजी प्रतिबद्धताले प्राधिकरणलाई अल्पकालीन रुपमा संस्थाको नगद प्रवाहमा चाप पार्न सक्ने इक्रा नेपालले उल्लेख गरेको थियो। प्राधिकरणले गत आर्थिक वर्ष २०७९/८० मा १२ अर्ब ३३ करोड रुपैयाँको खुद नाफाको प्रक्षेपण गरेको छ। प्रणालीको विद्युत् चुहावट हाल १३ प्रतिशत बराबर छ। रासस

# वरिष्ठ कवि, समालोचक एवं चिन्तक डा. पाण्डेको निधन

दाङ २८ पुस

शुक्रबार राति दाङको भालुवाङमा भएको बस दुर्घटनामा परी वरिष्ठ कवि, समालोचक एवं चिन्तक डा. ताराकान्त पाण्डेको निधन भएको छ।



बाँकेको नेपालगन्जबाट काठमाडौँ आउँदै गरेको नमस्ते यातायातको भे१ख ३९१२ नम्बरको बस गएराति १०:३० बजे भालुवाङनिर राप्ती नदीमा खस्दा अन्य ११ यात्रुसँगै पाण्डेको पनि मृत्यु भएको हो।

दुर्घटनामा काठमाडौँको चन्द्रागिरि नगरपालिका-५ का ६५ वर्षीय पाण्डे, मकवानपुरको हेटौँडाका ३९ वर्षीय सौरभ विष्ट, भारत उत्तर प्रदेशका ३१ वर्षीय मुने, जुम्लाका ४० वर्षीय मुनबहादुर रावत, बाँकेका २० वर्षीय रामबहादुर हरिजन, रुकुमका २५ वर्षीय दीपक कामी, भारत विहारका ६७ वर्षीय देवेन्द्र राय र बाँके नेपालगन्जकी ६० वर्षीया कुसुम बस्नेतसहित १२ जनाको मृत्यु भएको हो। दुई मृतकको पहिचान खुल्न बाँकी छ।

यसैबीच लेखक तथा पत्रकार हरिगोविन्द लुइँटेलले आफ्ना साथीसमेत रहेका कवि, समालोचक एवं चिन्तक डा. ताराकान्त पाण्डेको निधनप्रति गहिरो दुःख प्रकट गरेका छन्।

साथै उनले पाण्डेलाई श्रद्धाञ्जली दिँदै शोकमा परेका परिवारप्रति समवेदना पनि व्यक्त गरेका छन्।

'अत्यन्तै दुःखद खबर। हिजो (शुक्रबार राति) को भालुवाङ बस दुर्घटनामा परी वरिष्ठ कवि, समालोचक, चिन्तक साथी डा. ताराकान्त पाण्डेको दुःखद निधन भएको खबरले स्तब्ध भएको छु', लेखक लुइँटेलले सामाजिक सञ्जालमा लेखेका छन्, 'डा. पाण्डेप्रति हार्दिक श्रद्धाञ्जली तथा शिलाजीलगायत शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना!'

# कठयाङ्ग्रीदो जाडोमा पनि घर र गोठमा आगलागी

भालुवाङ २८ पुस

दाङको देउखुरीमा १ घर र गोठमा आगलागी भएको छ ।शनिबार विहान ९ बजेको समयमा राप्ती गाउँपालिका ३ मसुरीया नयाँ बस्ती मिलनचोक नजिकै लिलबहादुर परियारको गोठबाट सल्केको आगो जयमाला घर्ती मगरको खरले छाएको कच्ची घरमा आगलागी हुँदा घर र गोठ जलेर खरानी भएको छ।



आगलागीबाट जयमाला घर्तीको ५० हजार नगद, ४ वटा पलङ, २ मोबाइल, १ वटा काठको बाकस, ३ वटा टिनको बाकस, १ वटा टेबुल, २ वटा ब्रिकेस, १ वटा किचेन र्याक, १ वटा ग्यास चुलो, लत्ताकपडा, अन्नपात जलेर खरानी भएको छ।

त्यस्तै लिलबहादुर परियारको गोठमा रहेको ३ सय थान घप्पु, ६ हजारको पराल, १ वटा भैसी जलेर घाइते भएको पिडितहरूले बताएका छन् ।

आगलागी के-कति कारणले भएको हो त्यो भने खुल्न सकेको छैन । आगोलाई नेपाल प्रहरी, शसत्र प्रहरी, स्थानीय र दमकलको सहायताबाट नियन्त्रणमा लिइएको थियो ।


कृष्णनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कृष्णनगर, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल
फोन न. ०७६५२०१४७
फ्याक्स न:९७७७६५२०६८४
पत्र सङ्ख्य :
चलानी नं. :

मितिः२०८०|०९|२९

बोलपत्र दरभाउ स्वीकृत गर्ने सम्बन्धमा आशयको सूचना

यस कृष्णनगर नगरपालिकाको दशौ नगर सभा आ.व.२०८०/०८१ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत विभिन्न कार्यको लागि मिति २०८०|०८|१८ मा बुद्ध दर्पण राष्ट्रिय पत्रिकामा प्रकाशित सूचना बमोजिम पर्न आएका बोलपत्र मध्ये यस कार्यालयको बोलपत्र मुल्यांकन समितिबाट न्युनतम मुल्यांकित भई सारभूत रुपमा प्रभावग्राही भएकोले सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएकोछ ।

तपशिल

| क्र.स. | ठेक्का नं. | दरभाउदाताको नाम ठेगाना | कबोल अंक(मु.अ.कर सहित) | कैफियत |
|---|---|---|---|---|
| १ | KNM/NCB/WORKS/RD-04/080/081 (Co R.T.O Dekhi Saunahawa Hudai Bakauli Samma Sadak) | Sambhav Engineering and Construction Company Runtigadhi RuralMunicipality-06, Rolpa phone: 9847193099 | ४२,६६,३०६/५० | |
| २ | **Contract Number:** KNM/NCB/WORKS/RD - 03/080/081 Galla mandi Sadak dhakkan tatha paint, bahadurganj sadak paint | Shuvansh Nirman Sewa krishnanagar municipality-06 phone: 9807456825 | १५,७५,१३५/२५ | |

रमेश गौतम
प्रमुख प्रशासकीय अधिकृत



Shivraj Municipality
Office of Municipal Executive
Chandrauta,Kapilvastu
Lumbini Province

**Invitation for electronic Bids**

**Date of publication:2080/09/29 (14th Jan, 2024)**

The Shivraj Municipality, Office of the Municipal Executive, Chandrauta Kapilvastu invites online bid under e-procurement system from eligible bidders for the procurement of following Work and goods. The bidders can visit the PPMO website for the brief description with Public entity name: Shivraj Municipality Office of Municipal Executive Chandrauta, Kapilvastu.

| S.N | Contract ID | Name of Projects | Estimated Amount (InclusiveVAT )(NRs.) | Bid Security (NRs.) | Bid Doc Fee | Final Bid Submission Date&Time |
|---|---|---|---|---|---|---|
| 1 | SM/RD/080/081-17A | Jawabhari chok to laxmanpur jane road blacktop and ward no 7 Jawabhari nibihawa road blacktop | 4562780.31 | 115000 | 3000 | 13th Feb, 2024 13:00PM |
| 2 | SM/ST/G/080/081-22 | Sana sichai shallow tubewell jadan samagri bitaranma anudan | 2975968.79 | 75000 | 3000 | |

……………………………...
Chief Administrative Officer



नगरवासीमा अनुरोध

शितलहरको चिसोको कारणले मानिसको ज्यानै जान सक्छ , त्यसैले ...
-चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पताल तुरुन्त उपचारको व्यवस्था गरौं
-शीतलहको समयमा घर बाहिर खुल्ला स्थानमा धेरै समय नबिताऔं ,घर बाहिर निस्कनु परेमा धेरै समय विताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं
-गोडा माथि देखिनै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं
-धुम्रपान तथा मद्यपानको सेवन नगारौं
-कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं
-तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं
-सुत्ने कोठामा आगो,मकल,कोईला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुदैन जसले गर्दा श्वास फेर्न नसकी निसास्एिर मृत्यु समेत हुन सक्छ
-आगो वालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं

बुद्धभूमि नगरपालिका नगरकार्यपालिकाको कार्यालय, कपिलवस्तु
शिवराज नगरपालिका नगरकार्यपालिकाको कार्यालय, कपिलवस्तु
कृष्णनगर नगरपालिका नगरकार्यपालिकाको कार्यालय, कपिलवस्तु
कपिलवस्तु नगरपालिका नगरकार्यपालिकाको कार्यालय,कपिलवस्तु
महाराजगञ्ज नगरपालिका नगरकार्यपालिकाको कार्यालय, क.व.
सैनामैना नगरपालिका नगरकार्यपालिकाको कार्यालय, सैनामैना
लुम्बिनी साँस्कृतिक नगरपालिका नगरकार्यपालिकाको कार्यालय, रुपन्देही
शितगंगा नगरपालिका नगरकार्यपालिकाको कार्यालय, अर्घाखाँची
सिद्धार्थनगर नगरपालिका नगरकार्यपालिकाको कार्यालय, रुपन्देही
बर्दघाट नगरपालिका नगरकार्यपालिकाको कार्यालय, नवलपरासी



गाउँवासीमा अनुरोध

शितलहरको चिसोको कारणले मानिसको ज्यानै जान सक्छ , त्यसैले ...
-चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पताल तुरुन्त उपचारको व्यवस्था गरौं
-शीतलहको समयमा घर बाहिर खुल्ला स्थानमा धेरै समय नबिताऔं ,घर बाहिर निस्कनु परेमा धेरै समय विताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं
-गोडा माथि देखिनै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं
-धुम्रपान तथा मद्यपानको सेवन नगारौं
-कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं
-तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं
-सुत्ने कोठामा आगो,मकल,कोईला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुदैन जसले गर्दा श्वास फेर्न नसकी निसास्एिर मृत्यु समेत हुन सक्छ
-आगो वालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं

विजयनगर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, कपिलवस्तु
शुद्धोधन गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, कपिलवस्तु
मायाँदेवी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, कपिलवस्तु
यशोधरा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, कपिलवस्तु
कन्चन गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, रुपन्देही
गैडहवा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, रुपन्देही
धुर्कोट गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, गुल्मी

# बाणगंगा खानेपानीप्रति उपभोक्ताको गुनासो सून्य



कपिलवस्तु २८ पुस

बाणगंगा खानेपानीप्रति उपभोक्ताको गुनासो सून्य रहेको पाइएको छ।

बाणगंगा खानेपानीले स्थानीयलाई शुद्ध पानी वितरण गर्दै आएको वडा नं. २ का वडाध्यक्ष तथा नगर वप्रता बिष्णु प्रसाद पौडेलले बताउनु भयो।

बाणगंगा खानेपानी उपभोक्ता तथा सरसफाई समिति बाणगंगा २ नन्दनगर कपिलवस्तुको छैंठौं बार्षिक साधारण सभा सो कुरा बताउनु भयो।संस्था सुशासन, पारदर्शी तथा जवाफदेही तरिकाले सञ्चालन भईरहेको बताउनुभयो।

वडाध्यक्ष पौडेलले विभिन्न टोलमा गठित विभिन्न समितिहरुलाई पुर्णता दिन र सक्रिय गराउनुपर्नेमा जोड दिनुभयो।

वडाको विकासका लागि यो खानेपानीको अहम भुमिका रहेको बताउँदै भौतिक विकास निर्माणले मात्र वडा समृद्ध नहुने भन्दै व्यक्तिलाई नभई नहुने खानेपानी तर्फ संवेदनशील हुने आवश्यक रहेको बताउनुभयो।

संघीय खानेपानी तथा ढल व्यवस्थापन बुटवल रुपन्देहीका ईन्जिनीयर रोशन घिमिरेले शुद्ध खानेपानी उपलब्ध गराउन बाणगंगा खानेपानी लागिरहेको बताउनुभयो।

उहाँले संघीय खानेपानीसंग समन्वय गरि ठुलो परियोजना सञ्चालन गर्न सफल भएकोमा समितिलाई धन्यवाद दिनुभयो।

समितिका अध्यक्ष विश्व कार्कीले समितिले गरेका क्रियाकलापको बारेमा जानकारी गराउँदै आगामी लक्ष्य समेत प्रस्तुत गर्नुभएको छ।

अध्यक्ष कार्कीले बिधान संशोधन, कर्मचारी नियमावली एवम् दरबन्दी निर्धारण, खरिद विक्री नियमावली, आर्थिक नियमावली, सामाजिक सुरक्षा कोष, महशुल तालिकामा हेरफेर, धारा जडान शुल्क, अध्ययन तथा अवलोकन भ्रमण, सरसफाई सम्बन्धमा विभिन्न आगामी लक्ष्य बारे स्पष्ट पार्दै आयोजनाको निर्माण प्रगति बारे बताउनुभएको थियो।

अध्यक्ष कार्कीले उपभोक्ताहरुलाई शुद्ध खानेपानी उपलब्ध गराउन समितिले कुनै कसर बाँकी नराख्ने बताउनुभयो ।त्यस्तै मनकामना सामुदायिक वनका अध्यक्ष मुक्त बहादुर कार्की, ज्ञानपुञ्ज बोर्डिङ्ग स्कुलका प्रिन्सिपल सुरेन्द्र पाण्डे, जनता माविका शिक्षक उज्ज्वल अधिकारी, गुरुकुल नन्दनगरका तर्फबाट रविराज ज्ञवाली, नेकपा (एमाले) वडा कमिटी अध्यक्ष नहकुल शाहि लगायतले शुभकामना मन्तब्य दिनुभएको थियो।

समितिका सचिव हिमलाल अधिकारीले प्रगति प्रतिवेदन, गोबिन्द प्रसाद चौधरीले आर्थिक प्रतिवेदन र लेखा समिति संयोजक चुडामणी अर्यालले लेखा समितिको प्रतिवेदन र सरसफाई समिति संयोजक जगतराज रेग्मीले सरसफाई समितिको प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। प्रस्तुत सबै प्रतिवेदन पारित भएका छन्।

आर्थिक बर्ष २०७९/८० मा खानेपानीको जम्मा आम्दानी ७२ लाख ७ हजार ९२ तथा ५२ लाख ५७ हजार ६ सय ५४ खर्च भएको प्रतिवेदनमा उल्लेख गरिएको छ। त्यस्तै ३ करोड ३५ लाख १ हजार ८ सय १५ बराबरको जम्मा जम्मा कोष तथा दायित्व प्रस्तुत गरिएको छ।

जम्मा कोष तथा दायित्व सहकारीको शेयर रकम ६ करोड ७० लाख ६० हजार ३ सय, बचत संकलन १ करोड ६४ लाख ४ हजार ८६ त्यसै गरि लगानीमा रहेको ऋण ३ करोड २९ लाख ४ ७ हजार ६ सय ५५ रहेको प्रतिवेदनमा उल्लेख छ।

साधारण सभामा पुर्व उपभोक्ता समिति, निवर्तमान समिति, खानेपानी पत्रकारीता पुरस्कार सम्मान समेत गरिएको छ।

बाणगंगा नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख खिम बहादुर जिसी, पिपरा अस्पतालका प्रमुख प्रशासकीय अधिकृत नरेन्द्र पोखेल, ईलाका प्रहरी कार्यालय पिपराका प्रहरी निरिक्षक गोपाल जंग रायमाझी, सशस्त्र प्रहरी वेस क्याम्प पिपरा वेसका प्रमुख प्रहरी निरिक्षक राजेन्द्र कुवंर लगायतको आतिथ्यता, विभिन्न संघ संस्थाका प्रतिनिधि, कर्मचारी, पत्रकार तथा उपभोक्ताहरुको उपस्थिती रहेको कार्यक्रम समितिका उपाध्यक्ष हर्क बहादुर कार्कीको स्वागत तथा सचिव हिमलाल अधिकारीको सञ्चालनमा सम्पन्न भएको हो।


## आगो वा हिटर प्रयोगमा होसियारी अपनाऔं।

- झ्याल, ढोका थुनेर आगो वा हिटर नबालौं,
- सुत्नुभन्दा अगाडि बालेको आगो वा हिटर निभाऔं,
- आगो वा हिटर बालबालिकाको पहुँचभन्दा पर राखौं,
- हावाको उचित ओहोरदोहोर हुनेगरी मात्र आगो वा हिटर बालौं,
- सकेसम्म बाथरुममा ग्यास गिजरको प्रयोग नगरौं, गर्नै परेमा भेन्टिलेसन खुला राखौं ।

झ्यालढोका थुनेर आगो वा हिटर प्रयोग गर्दा अक्सिजनको कमी हुन गई ज्यानसमेत जान सक्दछ ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# ५ औं बाणगङ्गा नगर स्तरीय माघी महोत्सव हथौसामा



कपिलवस्तु २८ पुस

५ औं बाणगङ्गा नगर स्तरीय माघी (खिचडी) महोत्सवम हथौसामा हुने भएको छ। 'हम्मन रास्ट्रिय एकता अउर भेषभुषा हम्मनके शान, भाषा कला संस्कृति संरक्षण सम्बर्द्धन कइना हम्मनके अभियान' भन्ने मुल नारा सहित यहि माघ २ गतेदेखि ४ गते सम्म माघी महोत्सव हुन लागेको शनिवार पत्रकार सम्मेलन मार्फत जानकारी गराइएको छ।

कार्यक्रममा बोल्दै थारु कल्याणकारिणी सभाकी केन्द्रिय सदस्य सुमित्रा चौधरीले बाणगंगा थारु बाहुल्यता रहेको नगर भएकोले पर्यटन प्रर्वद्धन मा थारु महोत्सवले महत्त्वपूर्ण भुमिका खेल्ने बताउनुभयो। विविधतामा एकता रहेको देशमा अझ प्रगाढ सम्बन्ध बनाउनका लागि एक अर्काको धर्म संस्कृतिलाई सम्मान गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

महोत्सवको बारेमा जानकारी दिदै महोत्सव संयोजक तथा थारु कल्याणकारिणी सभा नगर अध्यक्ष नाथुराम थारुले थारु जातिका कला, संस्कृति, भाषा भेषभुषा, र परम्परालाई जगेर्ना गर्ने उद्देश्यले महोत्सव आयोजना गर्न लागिएको बताउनुभयो।

विषेश गरि थारु कला, संस्कृति झल्किने गरि आयोजना हुन लागेको महोत्सवमा रक्तदान, डेलवा दौड प्रतियोगिता लगायतका अन्य विविध कार्यक्रम पनि रहेने उहाँले बताउनुभयो।

त्यस्तै महोत्सवको उद्घाटन प्रदेश भौतिक पुर्वाधार मन्त्री धर्म बहादुर चौधरीले गर्ने पनि जानकारी दिनुभयो । महोत्सवमा थारु राष्ट्रिय गायक गायिकाको साथमा स्थानिय कलाकारहरुको बेजोड प्रस्तुती रहनेपनि उहाँले जानकारी दिनुभयो।

त्यस्तै थारु कल्याणकारिणी सभा केन्द्रिय पार्सद उमाशङ्कर चौधरीले विगत पाँच वर्षदेखि बाणगंगाका विभिन्न ठाउँमा महोत्सव गरेको स्मरण गर्दै अहिले हथौसामा महोत्सव गर्न लागेको भन्दै भब्य रुपमा सफल पार्न सम्पुर्णमा आह्वान समेत गर्नुभयो।

थारु कल्याणकारिणी सभा जिल्ला सचिव सन्तराम चौधरी, नगर सभाका पदाधिकारी, महोत्सव समारोह उपसमितिका पदाधिकारी, पत्रकार लगायतको उपस्थिती रहेको कार्यक्रममा नगर सभा उपाध्यक्ष कमल चौधरीको स्वागत तथा प्रेस संयोजक सरिता थारुको सञ्चालनमा सम्पन्न भएको थियो।

# दुधालु गाई भैंसीमा अधिकांश बाँझोपनपछि घरदैलो सेवा

बुटवल २८ पुस

पशुपालक किसानका फर्म र घरमा रहेका दुधालु गाई भैंसी मध्ये अधिकांशमा बाँझोपन जस्ता समस्या देखिएपछि भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ कार्यालय, नवलपरासीले पशुपालक कृषकको घरदैलोमै पुगेर पशुपालनका समस्या बुझ्न थालेको छ। घरदैलो अर्थात डोर टु डोर सेवा सञ्चालन गरि पशुपालनमा प्रजननदर बढाउन आवश्यक सेवा परामर्श समेत दिने कार्य शुरु गरेको हो।

पशुपालक किसानका फर्म र घरमा रहेका दुधालु गाई भैंसी मध्ये अधिकांशमा बाँझोपन जस्ता समस्या देखिएको अस्पतालकी पशु चिकित्सक डा.विभूति सिंहले बताईन्। उनका अनुसार पशु स्वास्थ्यकर्मी सहित चिकित्सकहरूको टोली पशुपालक किसानको डोर टु डोर पुग्ने र सेवा दिईने अभियानको रूपमा चलाइको छ।

यसले पशुपालक कृषकमा उत्साह थपिएको छ, उनले भनिन्, किसानहरूले यस्तो पहिलो पटक घरदैलोमै आएर पशु (गाईभैंसी) को समस्या बुझ्ने कार्य भई रहेको छ। पशुमा देखिने बाँझोपन समस्या प्रमुख समस्याको रूपमा देखिएको छ। पशु बिरामी हुँदा त किसानले थाहा पाउने र उपचारका लागि आफै सक्रिय हुने गरेको भए पनि बाँझोपनलाई समस्याको रूपमा नलिई समान्य रूपमा हेर्ने गरेको हुदा यस्मा किसानले सकेसम्म ती गाईभैंसीलाई पाल्ने र नसके बिक्री गर्नुका साथै छाडा पनि छाडिदिइने गरेका छन्

खासगरि भैंसीको मासु नेपालमा खाने प्रचलनले बाँझो भैंसी त मासुका लागि बिक्री भई नै हालेका छन्, डा.सिँहले भनिन्, तर गाईलाई काट्ने मासु खाने नेपालमा खुलेयाम प्रचलन नभएको हुँदा छाडा छाड्ने समस्या देखिएको हो। यसले छाडा गाईको संख्या बढ्नु एउटा कुरा हो, तर त्यसले किसानका लागि घाटा पनि हो। बाँझोपन समस्यालाई निराकरण गर्न सकियो भन्ने पशुपालक किसानलाई नोक्सानी ब्यहोर्न नपर्ने उनको भनाइ थियो। गाईभैंसी बाँझोपनको उपचार पनि हुन्छ, भन्ने किसानमा जानकारी नहुनुले पनि किसान बाँझोपनको उपचार खोज्ने गरेका छैनन। उपचार गरेर बाँझोपन समस्या हटाउन सकिन्छ, भन्ने डोर टु डोर सेवामा दिईने कार्य गरिएको छ। घरेलु उपचार, स्याहासुसार जस्ता चेतनाको जानकारी गराउँदै नमुना छनौटमा परेका पशुको चिकित्सा उपचार पनि गरिएको चिकित्सक डा.सिँहले बताईन ।उनका अनुसार सुनवल नगरपालिकामा ५१ वटा गाई र १४ वटा भैसीमा बाँझोपन देखिएको थियो। त्यसैगरि बर्दघाट नगरपालिकामा पनि ३४ गाई र १७ वटा भैसीमा बाँझोपन समस्या भेटियो, पशु चिकित्सक डा.सिँहले भनिन्, भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको टोली घरमै पुगेर सेवा दिदा किसानमा खुशी देखियो। पशुपालन तर्फ उत्साह पनि ब्यक्त गरेका थिए। यो सेवा निरन्तताको अपेक्षा पनि किसानले गरेको उनको भनाइ थियो। एउटा फर्ममा ५ वटा पशुमा बाँझोपन देखिएकोले यो समस्या जिल्लाभरि धेरै हुनसक्ने अनुमान रहेको छ। यसलाई अभियानकै रूपमा अब पशु सेवा केन्द्रले सञ्चालन गर्ने बताउँदै उनले नगरपालिका र गाउँपालिका भित्र रहेका पशु सेवा शाखाले पनि सक्रियता देखाउनु पर्ने आग्रह गरिन।

स्थानीय तहमा पशु चिकित्सक नभए पनि भेटेनरी अस्पताल तथा पशु सेवा केन्द्रसँग सहकार्य गरेर पनि गाउँपालिका र नगरपालिकाले यो अभियानको निरन्तरता दिईनु पर्छ। गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक विकास शाखाको प्रमुख आधार कृषि पशु र उद्योगलाई राख्ने तर त्यस क्षेत्रमा प्रभावकारी लगानी गर्ने कार्य प्राथमिकतामा नपर्ने देखिएको छ।

पूर्वाधारलाई प्राथमिकता त्यसपछि समाजिक क्षेत्र रहेको तर स्थानीय सरकारको आर्थिक विकास शाखा भनेर चिनाउने क्षेत्रमा लगानी कम भेटिनु दुःखद भएको भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका प्रमुख श्रवण कुमार चौधरीले बताए। स्थानिय तह पनि जनतासँगको नजिकको सरकार हो, तर सरकारको प्राथमिकतामा आर्थिक विकास परेको देखिएको छैन। प्रदेश सरकारसँग सहकार्य गरि विज्ञ सेवा पनि दिलाउन सक्छ, त्यसका लागि पशु सेवा विज्ञ कार्यालय तत्पर रहेको उनको भनाइ थियो। बाँझोपनको समस्याका प्रमुख कारण लम्पी स्किन, खोरेत तथा अन्य महामारी रोग आउनुका साथै पशुलाई दिईने सन्तुलित आहारा नहुँदा सन्तुलित पोषण अभावका कारण पनि बाँझोपन बढेको उनले बताए।





शुभारम्भ अटुट निर्माणको ...
अत्याधुनिक प्रविधिबाट निर्मित उच्च गुणस्तरको SBI ईंटा सधैं प्रयोग गरौं
उत्पादक :
समृद्धि ईंटा उद्योग प्रा. लि.
सम्पर्क : ९८५७०५०७६०, ९८५७०५०१७०, ९८५७०५०१८५


कमन नेपाल खोज तथा अनुसन्धान प्रतिष्ठानद्वारा प्रकाशित राष्ट्रिय दैनिक बुद्ध दर्पणका लागि प्रबन्ध निर्देशक : लक्ष्मण बेल्बासे,
अतिथि सम्पादक : नारायणप्रसाद पौडेल, प्रधान सम्पादक: बसन्त गिरी, सम्पादक : पार्वती पाण्डे, प्रबन्ध-सम्पादक : डिलाराम भुसाल, व्यवस्थापक : रामु पौडेल, कम्प्युटर सेटिङ्ग : सागर क्षेत्री
प्रधान कार्यालय : बाणगंगा नगरपालिका-४, कपिलवस्तु, फोन नं. ०७६-५५०२६०, फ्याक्स: ०७६-५५०२६०, प्रकाशन कार्यालय बुटवल उ.म.न.पा.-८ रुपन्देही , लुम्बिनी प्रदेश , ईमेल: buddhadarpan@gmail.com मुद्रण: कलर अफसेट प्रेस, बुटवल, रुपन्देही